# मुक्त कमैया

(भूमिअधिकारबारे पढ्ने सामग्री - ८)




– सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## कसरी शुरू भयो कमैया राख्ने चलन ?

नेपालमा कमैया राख्न कहिलेदेखि र कहाँबाट शुरु भयो भन्ने एकिन तिथिमिति उपलब्ध छैन । तर पश्चिम तराइ क्षेत्रबाट कमैया राख्न शुरु भएको प्रमाण भने भेटिन्छन् । विशेषगरी उक्त क्षेत्रका बाँके, बर्दिया, कैलाली, कन्चनपुर तथा दाङमा कमैया प्रथा विद्यमान छ ।

कमैया भनेको एकप्रकारको दास नै हो । ऊ र उसका परिवारले जुन घरमा बसेको हो, त्यो घरको सम्पूर्ण काम भ्याइदिनुपर्ने बाध्यता हुन्छ । विशेषगरी लोग्नेमान्छेलाई खेतीको काम जिम्मा दिइएको हुन्छ भने स्वास्नीमानिसलाई घरका भित्री काम । यिनीहरुले के गर्नुपर्छ र के गर्नुपर्दैन भन्ने कुनै सीमा हुँदैन । घरका मानिसले अराएको जुनसुकै काम पनि नगरी सुख पाइँदैन ।

त्यसैले जसले कमैया राख्न चाहेको छ, उसले लोग्नेमानिस मात्र भएको वा





अविवाहित तथा श्रीमती मरेको मानिस राख्न चाहँदैन । किनकि श्रीमान्लाई कमैया राखेपछि उसकी श्रीमतीसँग स्वतः सित्तैंमा काम लिन पाइने भएकाले श्रीमतीसहितको कमैया उनीहरुको पहिलो रोजाइ हुन्छ । कमैयाकी श्रीमतीलाई जमिनदारको घरछेउमा बुकुरो बनाएर राखिदिने भएकाले उसको नाम नै बुकरही राखिएको हुन्छ ।

तराइ क्षेत्रमा औलोका कारण टिक्न सकिने स्थिति थिएन । सन् १९६० मा औलो उन्मूलन भएपछि माथि उल्लेखित पाँच जिल्लामा पहाडबाट बसाइ सर्नेको क्रम बढ्यो । औलो समाप्त भएको तथा ती क्षेत्रका ठूलो मात्रामा उर्वर जमिन खाली भएकाले त्यसको लोभमा टाठाबाठाको बसाई सर्ने होड नै चल्यो ।

त्यसपछि पहाडेहरुको यो क्षेत्रमा जगजगी चल्न थाल्यो । जबकि यहाँ परिस्थितिसँग मुकाविला गर्दै पहिलेदेखि नै बसिआएका थारु समुदायका मानिस पनि थिए । बसाइ आएकाहरुले यिनै थारुसँग नगण्य पैसा दिएर वा विभिन्न प्रपञ्च गरेर जमिनहरु फुत्काए । सोझा र मेहनती थारुलाई त्यसको पत्तै भएन । विस्तार जमिन सकिएपछि यी थारुहरु भूमिहीन भए र आफ्नै जमिनमार्फत् जमिनदार बनेकाहरुको शरणमा जान बाध्य हुनुपर्‍यो ।

### लगानी कि बालुवामा पानी ?

*पश्चिम नेपालमा एउटा रिक्सा भयो भने उसले त्यसैको आम्दानीबाट परिवार पालेका थुप्रै उदाहरण भेटिन्छन् । एउटा रिक्साको सामान्यतया १० हजार पर्छ । तर मुक्त कमैयाको पुनर्स्थापनाका लागि सरकार सिंगै र दर्जनौं संघ/संस्था वर्षौंदेखि लागिपरे पनि यो १० हजार रुपैयाँ उनीहरुको हातमा थमाएर गरिखाओ भन्ने हिम्मत कसैले गर्न सकेको छैन । जबकि जिफन्टले गरेको एउटा अध्ययनअनुसार प्रतिकमैया परिवार प्रतिवर्ष १६ हजार रुपैयाँ खर्च हुने गरेको छ र यो क्रम विगत ७–८ वर्षदेखि जारी छ । तर यो रकम कहाँ कसरी खर्च हुन्छ र यसले उनीहरुमा के प्रभाव पारेको छ भन्ने वास्तविकताचाहिँ अहिलेसम्म रहस्यमै छ ।*

अनि खान र बाँच्नकै लागि यी थारुहरु जमिनदारसँग ऋण लिन बाध्य तुल्याइए । ऋण तिर्ने कुनै माध्यम थिएन । त्यसैले ऋण लिएवापत जमिनदारकहाँ नै काम गरिदिन उनीहरु बाध्य भए । यस्तो ऋणलाई सौकी भनिन्थ्यो । तर यस्तो ऋण अचम्मको थियो किनकि पचासौं वर्ष काम गर्दा पनि यो घट्नुको सट्टा बढ्दै जान्थ्यो । यस्तो हुनुको कारण के थियो भने ती थारुले गरेको काम ऋण कट्टीका लागि नभई ब्याजवापत मात्र गणना हुन्थ्यो । कसैले ५ सय ऋण लिएको छ र त्यसका लागि उसले ५ वर्ष काम गरिसक्यो भने पनि त्यो ५ सय घट्दैनथ्यो, बरु विभिन्न बहानामा जमिनदारले त्यसलाई ३-४ हजार पुर्‍याउँथे । जुन कुराको पत्तो ती सोझा थारुलाई कहिल्यै भएन । त्यसैले कमैया प्रथा मूलतः जमिनसँग जोडिएको एउटा घृणित प्रथा हो ।

यसरी काम गर्ने क्रममा बाजे/बाबुले लिएको ऋणवापत नाती/पनातिसम्मले निशुल्क काम गरिरहेको पनि भेटिएको छ । जमिनदारले दिएको खाने र रातको केही समयबाहेक अन्य पूरै समय उसकै सेवा र काममा खटिन बाध्य यी थारुलाई कमैया भनिन थालिएको हो । कमैयाको सामान्य अर्थ काममा खटिन वा जोतिन सक्ने भन्ने लाग्छ ।

बाबु आमा त जोतिए, जोतिए, छोराछोरीले पनि आफ्नो गच्छेअनुसारको काम नगरी सुख पाउँदैनन् । उनीहरुले गाइवस्तु चराउने, घाँस काट्ने जस्ता काम गर्नुपर्छ भने पढ्ने, मनोरञ्जन आदिबारे थाहा नै पाउँदैनन् । यी सबै गरेवापत कसैकसैले एक दुई जोर थोत्रा लुगाा दयाले दिए मात्र पाउँछन्, नत्र भने मात्र खानका भरमा जिन्दगीभर कमैया परिवारले साहूको घरखेतमा जोतिनुपर्थ्यो ।

## यस्तो छ वर्तमान अवस्था

२०५७ साउन २ गते सरकारले यस्तो प्रथामाथि बन्देज लगाएर कमैया मुक्त भएको घोषणा गर्‍यो । त्यतिबेला सरकारी तथ्यांकअनुसार नेपालभर १८ हजार २ सय ९१ परिवार कमैया थिए । तर अहिले विभिन्न कारणले छुट भएको भनी करिब २० हजार परिवारले मुक्त कमैयाको सूचीमा पर्न पाउँ भन्ने निवेदन परेका छन् । जसबारे छानबिन हुँदैछ ।

उनीहरु मुक्त भएको ४ वर्ष नाघे पनि अझै आन्दोलन जारी राखेका छन् । किनकि उनीहरु आफ्नो पुनर्स्थापना उचित तवरले भएन भन्दैछन् तर



सरकार भने सबै मुक्त कमैयालाई पुनर्स्थापन गरिसकिएको बताउँदै आएको छ ।

पुनर्स्थापनाका लागि मुक्त कमैयाले जमिन, घर, आयआर्जनका लागि तालिम, रोजगारी आदि माग गरेका छन् तर सबैभन्दा जल्दोबल्दो माग जमिन पनि उनीहरु सबैले पाउन सकेका छैनन् । सरकारले १८ हजारको संख्यामा रहेका मुक्त कमैयालाई क, ख, ग र घ गरी चार भागमा बाँडेको छ । उनीहरुसँग भएको सम्पत्तिका आधारमा यसरी वर्गीकरण गरिएको छ । जसमध्ये क मा केही पनि नभएको, ख मा ऐलानीमा झुपडी भएको, ग मा २ कठ्ठासम्म नम्बरी जमिन भएको र त्योभन्दा माथि जमिन भएकालाई घ मा राखिएको थियो ।

### हचुवा निर्णयको मार

*बर्दियाको धधवार गाविसमा जति बसोबास गर्छन् त्योभन्दा बढी अर्थात् ८ सय जना मुक्त कमैयालाई बसोबास गराइँदा त्यहाँको दैनिक चर्या नै खलबलिन पुगेको छ । सीमित कामको अवसर र अन्य साधनस्रोत बाँडफाँड गर्नुपर्दा ज्यालासमेत सस्तो भएको र अन्ततः कमैयासँगै स्थानीय विपन्न मानिसहरू पनि मारमा परेका छन् ।*

मुक्त कमैयाले आन्दोलन जारी राख्नुमा यो वर्गीकरण पनि एउटा प्रमुख कारण बनेको छ । सरकारी पुनर्स्थापना कार्यक्रम क वर्गका मुक्त कमैयामा मात्र लागू छ भने अरुले नगण्य सहयोग मात्र भेटेका छन् । त्यसैगरी गैरसरकारी संस्था पनि यही वर्गका मुक्त कमैयामाथि मात्र केन्द्रित छन् । त्यसैले क बाहेक अरु वर्गका कमैयाले मुक्तिपछिको स्थिति अनुभव गर्न पाएका छैनन् ।

सरकारी तवरबाट सबै मुक्त कमैयालाई ५ कठ्ठा जमिन दिइएको प्रचार गरिँदै आएको छ । तर क वर्गका अधिकांशले यस्तो जमिन पाएका छन् भने अरु वर्गमा पर्नेले पाएका छैनन् । उनीहरु जहाँ जस्तो अवस्थामा बसेका छन्, त्यसैलाई दर्ता गरिदिने काम भने भएको छ । यस्तो अवस्थाले ख, ग र घ वर्गमा परेका कमैयालाई भने उनीहरु कमैया बसेकै बेला ओगटिएका ऐलानी, पर्ति जस्ता जमिनमा नै चित्त बुझाउनुपर्ने वातावरण बनेको छ । जुन जग्गाको क्षेत्रफल २-३



धुरसम्म अर्थात् निकै कमसम्म पाइएको छ ।

अर्कोतर्फ जसले जमिन पाएको छ, घर बनाउने पैसा र अन्य सुविधा पनि उसैले मात्र पाएको छ । जसले मुक्त कमैया भएको परिचयपत्रसमेत पाएको छैन, उसले कुनै पनि सुविधा पाउन सकेको छैन । त्यसैगरी जुन मुक्त कमैया शिविरमा सरकार र गैरसरकारी संस्था पुगेका छन्, त्यहाँ राम्रो व्यवस्था देखिन्छ, तर जहाँ एउटा पुगेको छैन, त्यहाँ अर्को पनि पुगेको छैन । त्यसैले 'कहीं भातैभात र कहीं पुर्पुरोमा हात' को अवस्था मुक्त कमैया शिविरहरुमा देखिन्छ । यही कारण मुक्तिको चार वर्ष बितिसक्दा पनि कमैयाको समस्या समाधान भएन भनेर आन्दोलन गरिरहन पर्ने अवस्था सिर्जना भइरहेको छ ।

यिनीहरुको आर्थिक उपार्जनका लागि सहयोग पुगोस् भनेर सीप तालिम पनि दिइरहेको छ सरकारले । तर यसबाट पनि उनीहरुले खासै फाइदा उठाउन सकेका छैनन् । किनकि एक त बस्ती शहरबाट टाढा छन्, जहाँबाट दैनिक शहर आउन गाह्रो पर्छ । दोस्रो, एउटै शिविरमा धेरै जनालाई एकैथरि तालिम दिइँदा त्यो खपत गर्ने बजार सम्भव छैन । यसले तालिम तालिमका लागि मात्र दिइएको छ, न कि आयआर्जनका लागि भन्ने पारेको छ ।



## कहाँ भयो कमजोरी ?

कमैया पहिचान गर्नेबेलादेखि नै सरकारी तवरबाट केही लापरबाही देखियो । त्यतिबेला ऊ कमैया हो कि होइन भनेर निर्णय गर्न कमैया बसेको घरको साहूले पनि प्रमाणित गरिदिनुपर्ने व्यवस्था अपनाइयो । यदि आफूकहाँ बसेको कमैयासँग रिस उठेका कारण उसले होइन भनिदियो भने त्यो व्यक्ति स्वतः कमैयामा गणना नहुने परिस्थिति बन्यो । आफ्नो घरमा राखिएको नोकरसरहको व्यक्ति काम गर्न छाडेर आन्दोलनमा गएपछि कुन साहूलाई रिस उठ्दैन ? त्यस्तो बेला त्यो साहूले कमैयालाई फाइदा हुने काम गर्छ ? यस्ता प्रश्नपट्टि सरकारी कर्मचारीले ध्यानै दिएनन् । जसका कारण धेरैले मुक्त कमैया भएको परिचयपत्र नै पाउन सकेनन्, जसको अभावमा जमिन, घरलगायत्का सुविधा प्राप्त हुन सकेन ।

अर्कोतर्फ मुक्त कमैयालाई जमिन त दिइयो तर फिल्डमा नगई कार्यालयमै रहेका वर्षौं पुराना अभिलेखका आधारमा उनीहरुलाई जमिन कित्ताकाँट गरियो । त्यसैले धेरै मुक्त कमैयाले जग्गाधनी पूर्जा पाए पनि त्योअनुसारको जमिन भने पाउन सकेनन् । पूर्जाअनुसारका त्यस्ता जमिन कि खोला र पहिरोले बगाएको पाइएको छ भने कहीं अरुले नै चलन गरेका र कहीं सामुदायिक वन खडा भइसकेका पाइएको छ ।

त्यसैले मुक्त कमैया अहिले पनि विभिन्न ठाउँमा कतै सुकुम्बासी, कतै वनवाला र कतै अन्य जमिन भोगकर्तासँग झगडा गर्न बाध्य भइरहेका

| | |
|---|---|
| *सरकारद्वारा घोषित मुक्त कमैया परिवार* | : १८२९१ |
| *मुक्त कमैयाको दर्जा पाउन दाबी गर्ने* | : २०७५८ |
| *जग्गा पाउने परिवार* | : १२०१९ |
| *वितरित जमिन* | : २३८१-३-१६ |
| *घर बनाउने पैसा पाउने* | : ८०३९ |
| *दिइएको रकम* | : ७७३०२००० |
| *घर बनाउने काठ पाउनेको संख्या* | : २०३७ |
| *समूह गठन* | : ७४१ |

छन् । भूमिसुधार मन्त्रालयले नै यसरी पूर्जा पाएर पनि जमिन नपाउनेको संख्या करिब १५ सय भएको स्वीकार गरेको छ । विवाद भएको जमिन फिल्डमा गएर छुट्याइदिने कार्यसमेत कर्मचारीले गर्न नसकेका कारण समस्या अहिले पनि उत्तिकै छ ।

मुक्त कमैयालाई घर बनाउन १० हजार रुपैयाँ र ३५ क्यु. फिट काठ दिने निर्णय सरकारले उतिबेलै गरेको हो । तर भूमिसुधार, वन, जिविस जस्ता विभिन्न कार्यालयबीच समन्वय हुन नसक्दा सरकारी निर्णय कार्यान्वयन भएन । त्यसैले ३५ क्यु. फिट काठ पाउने मुक्त कमैयाको संख्या एकदमै कम छ । पैसा पाएर पनि काठ पाउन नसकेकाले पाएको पैसा पनि खानपिनमै सक्ने थुप्रै कमैया भेटिन्छन् ।

पूर्जा दिएर पनि त्योअनुसारको जमिन उपलब्ध हुन नसकेको गुनासोपछि सरकारी तवरबाट त्यसको सट्टाभर्ना उपलब्ध गराउने कार्य हुन सकेको छैन । एकातिर हजारौं विघा सरकारी जमिन हुनेखानेद्वारा मिचिएको अवस्था छ भने अर्कोतर्फ जमिन नभएकाले मुक्त कमैयालाई दिन नसकिएको सरकारले बताउँदै आएको छ ।

मुक्त कमैया क्षेत्रमा दर्जनौं गैरसरकारी संस्था कार्यरत् छन् । ती सबै आफूले मुक्त कमैयाका लागि केही न केही गरिरहेको बताउँछन् । यसमा सरकार पनि उत्तिकै लागिपरेको छ । यत्रो संख्यामा संस्थाहरु लाग्दा र रकम खर्च हुँदा पनि अहिलेसम्म मुक्त कमैयाले किन आन्दोलन गरिरहनुपर्‍यो

**सरकारी तथ्यांकमा मुक्त कमैया**

| *जिल्ला* | *क वर्ग* | *ख वर्ग* | *ग वर्ग* | *घ वर्ग* | *जम्मा* |
|---|---|---|---|---|---|
| दाङ | १७५ | २३० | ३७१ | ३५१ | ११२७ |
| बाँके | १६५ | ७३६ | २१ | ४२० | १३४२ |
| बर्दिया | २६९१ | १२०३ | १०१९ | २०६६ | ६९७९ |
| कैलाली | २६४७ | २४७७ | १९९ | ३५० | ५६७३ |
| कन्चनपुर | २४५३ | ४८२ | १३७ | ९८ | ३१७० |
| जम्मा | ८१३१ | ५१२८ | १७४७ | ३२८५ | १८२९१ |



भन्ने प्रश्नको उत्तर भने कतै भेटिन्न ।

यसो हुनुमा सरकारकै कमजोरी देखिन्छ । किनकि उक्त क्षेत्रमा कसले कति पैसा के के प्रयोजनका लागि खर्च गर्‍यो, त्यो सदुपयोग भएको छ कि छैन, त्यस्तो कार्य आवश्यक थियो वा थिएन, त्यसले के प्रतिफल दिइरहेको छ, कसले राम्रो र कसले नराम्रो काम गरिरहेको छ जस्ता कार्यको अनुगमन/मूल्यांकन सरकारी तवरले कहिल्यै गरेन । त्यसैले मुक्त कमैयाका शत्रु र मित्र छुट्याउन उनीहरु आफैंलाई धौ धौ परिरहेको अवस्था छ ।

## कसरी दिन सकिन्छ जमिन ?

मुक्त कमैयालाई जमिन उपलब्ध गराउन सरकारसँग पर्याप्त जमिन नभएको बताईंदै आएको छ । तर जग्गै दिन नसकिने अवस्था भने छैन । हदबन्दी कार्यान्वयन गरेर त्यसबाट उब्रने जमिन उनीहरुलाई दिन सकिन्छ । त्यसैगरी ती क्षेत्रहरुमा जमिनदारद्वारा मिचिएका जमिन खोसेर तथा उद्योग धन्दाका नाममा ओगटिएका जमिन, सरकारी स्वामित्वमा रहेका बाँझो एवं ऐलानी जमिन उनीहरुलाई उपलब्ध गराउन सकिन्छ ।

## अब के गर्ने ?

१) सबै मुक्त कमैयालाई ५ कठ्ठाका दरले जमिन उपलब्ध गराउने । पूर्जाअनुसार जमिन नपाएकालाई सट्टाभर्ना दिने ।

२) थप कमैया पहिचान गर्ने कार्य रोक्ने ।

३) सरकारी तथा गैरसरकारी संस्थाले गरेका कामको समन्वय र नियमित मूल्यांकन गर्ने ।

४) घर बनाउन बाँकीलाई रकम र काठ उपलब्ध गराउने ।

५) वर्गीकरणका आधारमा भेदभाव नगर्ने ।

६) यी सबै काम व्यवस्थित गरी समस्या सदाका लागि टुंग्याउने उद्देश्यले एउटा उच्चस्तरीय तथा शक्तिशाली मुक्त कमैया समस्या समाधान आयोग गठन गर्ने ।

*मुक्त कमैयालाई गरिखान पुग्ने जमिन उपलब्ध गराइयोस् ।*

नेपालमा व्यवस्थितरूपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितेको छ । तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन् । हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन्, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौं जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ ।

यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमिअधिकारको सवालमा कार्यरत् छ । यही क्रममा भूमिसम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महसुस हुन पुग्यो । त्यसैले भूमिसम्बन्धमा चासो राख्नेहरूका लागि उपयोगी हुन सकोस् भनेर यो सामग्री तयार पारिएको छ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन** : ९७७-१-४३६०४८६
E-mail: landrights@csrcnepal.org
Website: www.csrcnepal.org